नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बाँके, नेपालगञ्ज ।

☎ ०८१-५२०१८८
०८१-५२०२८०
Fax : ०८१-५२०६७६
इमेलः cdonpj@gmail.com

प.सं.:- ०७७/०७८(स्था.प्र)
च.नं.:-

मिति : २०७८/०२/०३

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय बाँके, नेपालगंज

## वांके जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

विश्वव्यापि महामारीको रुपमा फैलि रहेको नयां भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण तिव्र रुपमा वढी रहेको अवस्थालाई गम्भीरतापूर्वक लिदै संक्रमण फैलावटको साङलो तोड्न (Chain Break गर्न) र सो को रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी वनाउन नेपाल सरकार (मन्त्री परिषद) को मिति २०७८/०१/०६ को आदेश, संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम वांके जिल्ला भरी मिति २०७८/०१/१३ गते राती १२ वजे देखि लागु हुने गरी देहाय अनुसारका अत्यावश्यक सेवा र सो का लागि प्रयोग हुने सवारी साधन वाहेक अन्य सवै प्रकारका सेवा तथा कार्यहरु, सवारी साधन, पसल व्यवसाय, हाट वजार संचालन र अत्यावश्यक काम बाहेकको हिडडूलमा समेत निषेध गर्ने गरि मिति २०७८/०१/१२ मा आदेश जारी भएकोमा कोभिड-१९ को संक्रमण दरमा कमी नआई परिस्थिति असहज वन्दै गइ रहेको स्थितिमा संक्रमण रोकथाम, नियन्त्रण र उपचार व्यवस्थापनलाई अझ प्रभावकारी वनाउन मिति २०७८/०२/१० गते राती १२ वजेसम्मका लागि उक्त आदेशलाई निरन्तरता दिइएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि अनुरोध छ ।

देहाय

संचालन गर्न पाईने सेवा एवं कार्यहरु

स्वास्थ्य, शान्ति सुरक्षा, विद्युत, दूरसंचार, खानेपानी, फोहरमैला व्यवस्थापन, ग्यास, पेट्रोलियम पदार्थ, तरकारी, खाद्य तथा दुग्ध पदार्थ, औषधी पसल, वैंक (ए.टि.एम. लगायत सीमित संख्याका कर्मचारीव्दारा दैनिक वढीमा ३ घण्टा) जस्ता अत्यावश्यक सेवाहरु एवं सार्वजनिक निर्माण कार्य (कामदारहरुलाई स्वास्थ्य सुरक्षाका मापदण्ड सहित निर्माण स्थलमै राख्ने गरी) ।

संचालन गर्न पाईने सवारी साधनहरु

एम्वुलेन्स, शव वाहन, दमकल, झण्डावाल सवारी र नीलो (कूटनीतिक) प्लेटका सवारी साधनहरु, लामो दुरीका सवारी तथा मालवाहक साधनहरु (काठमाण्डौं उपत्यका र निषेधाज्ञा जारी भएका जिल्लामा गन्तव्य हुने गरी जाने वाहेक), निर्माण सामाग्री ढुवानिका साधनहरु, अत्यावश्यक सेवा संचालनमा खटिएका जन शक्तिले प्रयोग गरेका सवारी साधनहरु, अनुमति (पास) प्राप्त सवारी साधनहरु ।

माथि उल्लेखित सेवा एवं कार्यमा संलग्न कर्मचारी/व्यक्तिहरुले अनिवार्य रुपमा कर्मचारी परिचय पत्र एवं अन्य सान्दर्भिक कागजात साथमा राखेको हुनु पर्नेछ साथै मास्क, भौतिक दुरी लगायत जनस्वास्थ्यका मापदण्डको अनिवार्य पालना गरी दैनिक उपभोग्य वस्तु (तरकारी, खाद्य, दुध, ग्यास) का पसल विहान ६ वजे देखि ९ वजेसम्म मात्र संचालन गर्न पाईनेछ ।

यस आदेशको अवज्ञा वा अवहेलना गर्ने वा काममा वाधा पुर्याउने व्यक्तिलाई संक्रामक रोग ऐन २०२०, स्थानीय प्रशासन ऐन २०२८ बमोजिम कारवाही हुनेछ ।

०७८।२।३

शिवराम गेलाल
प्रमुख जिल्ला अधिकारी